# National News Bulletin

## June 14, 2024

**प्रमुख समाचार:**

1. जी-7 शिखर सम्मेलनको अवधिमा प्रधानमन्त्री र विभिन्न देशका प्रमुखबीच द्वीपक्षीय भेटवार्ता
2. सर्वोच्च अदालतले नीट परीक्षाको सम्बन्धमा केन्द्र र राष्ट्रिय परीक्षा एजेन्सीलाई माग्यो जवाफ
3. नीट परीक्षार्थीहरूको हितको रक्षा गर्न सरकार प्रतिबद्ध रहेको शिक्षामन्त्रीद्वारा आश्वासन
4. दुईदिने क्रूज टुरिज्म सम्मेलन आज नयाँ दिल्लीमा सम्पन्न
5. सिक्किमका मुख्यमन्त्रीद्वारा चुनाव सञ्चालन नियमावलीअनुसार सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रबाट राजीनामाको घोषणा

### G-7 Summit

जी-७ शिखर सम्मेलनमा सहभागी हुन इटालीको अपुलिया पुगेका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज विभिन्न देशका प्रमुखेसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो। श्री मोदीले आज दिउँसो फ्रान्सेली राष्ट्रपति श्री इमानुएल म्याक्रोनसँग भेट गर्नुभयो। दुई नेताले रक्षा, आणविक ऊर्जा, अन्तरिक्ष, शिक्षा, जलवायु क्षेत्र, डिजिटल सार्वजनिक पूर्वाधार, महत्त्वपूर्ण प्रविधि, कनेक्टिभिटी र संस्कृतिका क्षेत्रमा आफ्नो साझेदारीलाई अझ सुदृढ पार्ने विषयमा छलफल गर्नुभयो। दुई नेताबीच प्रमुख वैश्विक र क्षेत्रीय मुद्दामा पनि विचार आदानप्रदान भयो। दुवै पक्ष 'मेक इन इन्डिया' मा थप ध्यान केन्द्रित गर्दै रणनीतिक रक्षा सहयोगलाई अझ प्रगाढ बनाउन सहमत भएको छ। यसै क्रममा श्री मोदीले बेलायती प्रधानमन्त्री श्री ऋषि सुनकसँग पनि भेट गरी भारत-बेलायतबीच रणनीतिक साझेदरीलाई दह्रिलो बनाउने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँले युक्रेनका राष्ट्रपति श्री भ्लोदिमीर जेलेन्सीकीसित पनि भेट गरी द्वीपक्षीय सम्बन्ध र युक्रेनको स्थितिबारे छलफल गर्नुभयो।

### Supreme Court-NEET-UG

सर्वोच्च अदालतले आज NEET-UG परीक्षामा प्रश्नपत्र लीक र अन्य अनियमितताको आरोपमा केन्द्रीय अनुसन्धान ब्यूरो-सीबीआई जाँच गर्न माग गर्ने याचिकासम्बन्धी केन्द्र र राष्ट्रिय परीक्षा एजेन्सी, NTA लाई जवाफ मागेको छ। जनहित याचिकाको सुनुवाई गर्दै, न्यायमूर्ति विक्रम नाथ र न्यायमूर्ति सन्दीप मेहताको अवकाश पीठले सीबीआई र बिहार सरकारसँग दुई हप्ताभित्र जवाफ मागेको छ। अन्य विचाराधीन जनहित याचिकाहरूबारे जुलाई 8 मा सुनुवाइ हुनेछ। सर्वोच्च अदालतले NEET-UG विवादमा विभिन्न उच्च अदालतहरूमा विचाराधीन मुद्दाहरूलाई मुद्दा चलाउनबाट बच्न शीर्ष अदालतमा स्थानान्तरण गर्न माग गर्ने राष्ट्रिय परीक्षण एजेन्सीको याचिकामाथि पनि निजी पक्षहरूलाई नोटिस जारी गरेको छ।

### Dharmendra Pradhan-NEET

शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले भन्नुभएको छ, केन्द्र सरकार NEET का परीक्षार्थीहरूको हितको रक्षा गर्न प्रतिबद्ध छ। उहाँले विद्यार्थीलाई उनीहरूका सबै चिन्तालाई निष्पक्ष र समानताका साथ समाधान गरिने र कुनै पनि विद्यार्थीलाई आहत नपुग्ने आश्वासन दिनुभयो। श्री प्रधानले आज एक सोशल मिडिया

पोस्टमा भन्नुभयो, NEET परीक्षासँग सम्बन्धित तथ्यहरू सर्वोच्च अदालतको संज्ञानमा छन्। उहाँले अदालतको निर्देशनअनुसार सरकारले विद्यार्थीको हितका लागि आवश्यक सबै कारबाही गर्ने बताउनुभयो। त्यसका साथै, NEET को परामर्श प्रक्रिया चाँडै सुरु हुनेछ र यो दिशामा कुनै भ्रमबिना अगाडि बढ्न धेरै महत्त्वपूर्ण छ। श्री प्रधानको भनाइ NEET परीक्षा विवादमा छानबिन गर्न विद्यार्थीहरूको मागको क्रममा आएको हो।

## Congress-NEET

कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले आज NEET मामिलामा सरकारको कडा आलोचना गर्नुभयो। उहाँले NEET परीक्षामा घोटाला भएको आरोप लगाउँदै, सरकारले राष्ट्रिय परीक्षा एजेन्सी एन.टी.एको दुरुपयोग गरी अङ्क र श्रेणीमा ठूलो धाँधली गरेको बताउनुभयो। एक ट्वीटमा, श्री खर्गेले सरकारको कार्यप्रति प्रश्न उठाउँदै भन्नुभएको छ, सरकारले 24 लाख युवाहरूको आकाङ्क्षालाई कुल्चेको छ।

## IORA Reem Association

दुईदिने भारत-हिन्द महासागर रिम एसोसिएसन-IORA क्रूज टुरिजम सम्मेलन आज नयाँ दिल्लीमा सम्पन्न भयो। सम्मेलनमा बंगलादेश, केन्या, मेडागास्कर, माल्दिभ्स, मोजाम्बिक, श्रीलंका, दक्षिण अफ्रिका, सेशेल्स र तान्जानियालगायत IORA सदस्य राष्ट्रका अधिकारी र विज्ञहरूको सहभागिता थियो। IORA सदस्य देशहरूमा क्रूज पर्यटनको विकासका लागि सम्मेलनले सबै हितधारकहरूलाई एकै ठाउँमा ल्याएको विदेश मन्त्रालयले जनाएको छ। सो क्रममा पूर्वाधार विकास, नियामक मुद्दा, दिगो पर्यटन, रोजगारी सृजना, महिला समावेशी र व्यापार अवसरका विषयमा छलफल भएको छ।

## Sikkim CM Resigns

सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले चुनाव सञ्चालन नियमअनुसार सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रबाट राजीनामाको घोषणा गर्नुभएको छ। हालै सम्पन्न निर्वाचनमा दुई निर्वाचन क्षेत्रमा विजयी भएपछि श्री तामाङले यो निर्णय गर्नुभएको हो। चुनाव नियमावलीअनुसार नतिजा घोषणा भएको १४ दिनभित्र यो नियमको पालना गर्न आवश्यक छ। उहाँले रिनाक अनि सोरेङ-च्याखुङ दुवै क्षेत्रबाट विजयी हासिल गर्नुभएको छ।

## Defence Minister

रक्षा मन्त्री श्री राजनाथ सिंह पूर्वी नौसेना कमाण्ड अन्तर्गत आई.एन.एस जलश्वमा "डे एट सी" कार्यक्रममा भाग लिन विशाखापट्टनम पुग्नुभयो। दोस्रो पटक मन्त्रालयको जिम्मेवारी सम्हालेपछि रक्षामन्त्रीको पूर्वी नौसेना कमाण्डको यो पहिलो भ्रमण हो। यस क्रममा रक्षामन्त्रीले विशाखापट्टनम जहाज निर्माण केन्द्रको पनि भ्रमण गर्नुहुनेछ।

## Kejriwal-Case

दिल्लीको एक अदालतले कथित आबकारी नीति घोटालासँग सम्बन्धित धन शोधन मुद्दामा मुख्यमन्त्री श्री अरविन्द केजरीवालको जमानत याचिकामा सुनुवाइका लागि जून १९ मा मिति तोकेको छ। प्रवर्तन निर्देशनालयले मुद्दामा जवाफ दिन समय मागेपछि अतिरिक्त सत्र न्यायाधीश मुकेश कुमारले मुद्दाको सुनुवाइ स्थगित गर्नुभएको हो। यसैबीच न्यायाधीशले केजरीवालद्वारा दायर गरिएको एक निवेदनलाई शनिबारका लागि तय गरेको छ। आवेदनमा केजरीवालकी श्रीमतीलाई भिडियो कन्फरेन्सिङमार्फत श्री केजरीवालको स्वास्थ्य अवस्था र उपचारका लागि गठित मेडिकल बोर्डको बैठकमा उपस्थित हुन निर्देशन दिन माग गरिएको छ।

## Lok Sabha Speaker Election

लोकसभा अध्यक्षको चुनाव जून 26 मा हुनेछ। अठारौँ लोकसभाको पहिलो सत्र जून २४ बाट सुरु हुँदै छ। सत्रको अवधि नवनिर्वाचित सदस्यहरूले सपथ ग्रहण गर्नेछन्। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले लोकसभा र राज्यसभाको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुनेछ र त्यसपछि दुवै सदनमा उहाँको सम्बोधनमाथि चर्चा-परिचर्चा हुनेछ। राज्यसभाको सत्र जून २७ बाट सुरु हुनेछ। संसद सत्र जुलाई ३ तारिख समाप्त हुनेछ।

## National Security Advisor

पूर्व IPS अधिकारी श्री अजित डोभाललाई फेरि राष्ट्रिय सुरक्षा सल्लाहकार र पूर्व IAS डा. पी.के. मिश्रलाई पुनः प्रधानमन्त्रीको प्रमुख सचिवमा नियुक्त गरिएको छ। हिजो बसेको मन्त्रिपरिषद्को नियुक्ति समितिले यी नियुक्तिलाई अनुमोदन गरेको छ। यी नियुक्तिहरू जून १० तारिखदेखि लागू हुनेछन्। नियुक्तिपछि श्री डोभालले हिजो नयाँ दिल्लीमा रक्षामन्त्री श्री राजनाथ सिंहसँग भेट गर्नुभयो। त्यसै गरी, नियुक्ति समितिले सेवानिवृत्त प्रशासनिक अधिकारी अमित खरे र तरुण कपूरलाई प्रधानमन्त्रीको सल्लाहकारमा नियुक्तिलाई पनि अनुमोदन गरेको छ।

## Cricket

आईसीसी पुरुष टी-२० विश्वकप क्रिकेटको समूह 'सी' मा अफगानिस्तानले पपुवा न्युगिनीलाई ७ विकेटले पराजित गरेको छ। गुलबदिन नाइबले ३६ बलमा ४९ रनको अविजित इनिङ खेले। पपुवा न्युगिनी १९ ओभर र पाँच बलमा ९५ रनको सानो स्कोरमा आउट भयो। अफगानिस्तानका फजलहक फारुकीले ३ विकेट लिए भने नवीन उल हकले २ विकेट लिए। फारुकी खेलको प्लेयर अफ द म्याच घोषित भए। यो जितसँगै अफगानिस्तानले समूह सी बाट आयोजक वेस्ट इन्डिजका साथ सुपर ८ मा स्थान सुरक्षित गरेको छ। साथै, न्युजिल्यान्ड, पपुवा न्युगिनी र युगान्डा अर्को चरणमा पुग्नबाट वञ्चित भएका छन्। अब प्रशंसकहरूको नजर समूह ए-मा अमेरिकाले फ्लोरिडामा आयरल्याण्डसँग खेल्ने दिनको दोस्रो खेलमा अडेको छ। जितसँगै दुवै टोलीले सुपर ८ मा स्थान पक्का गर्नेछन् तर त्यसपछि पाकिस्तानको अर्को चरणमा पुग्ने आशा कम हुनेछ। समूह 'ए' मा भारतको ठिक पछि अमेरिका दोस्रो स्थानमा छ भने पाकिस्तान तेस्रो स्थानमा छ। यसअघि गएराति सर भिभियन रिचर्ड्स स्टेडियममा भएको खेलमा इंग्ल्याण्डले ओमानलाई ८ विकेटले पराजित गरेको थियो भने बंगलादेशले नेदरल्यान्ड्सलाई सेन्ट भिन्सेन्ट, किंग्सटाउनमा गएराति २५ रनले पराजित गरेको थियो।